Publisher: TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438
DOI: https://doi.org/10.3126/ps.v22i1.64842

# स्वास्नीमान्छे उपन्यासको समाजशास्त्रीय अध्ययन

आनन्दराज सिलवाल
उपप्राध्यापक, नेपाली विभाग, धवलागिरि बहुमुखी, क्याम्पस, बागलुङ
Email: silwalananda26@gmail.com

**लेखसार**

हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यास सामाजपरक यथार्थमा आधारित प्रगतिवादी उपन्यास हो । प्रस्तुत आलेख प्रधानको *स्वास्नीमान्छे* उपन्यासको प्रजाति, पर्यावरण र क्षणगत प्रस्तुतिको विश्लेषणमा आधारित रहेको छ । प्रस्तुत उपन्यासको विविध कोणबाट अध्ययन भए पनि प्रजाति, पर्यावरण र क्षणका आधारमा अध्ययन भएको देखिँदैन । साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा प्रधानको *स्वास्नीमान्छे* उपन्यासको अनुसन्धानमूलक अध्ययन नभएको सन्दर्भमा यसैअनुरूप व्यवस्थित ढाँचामा विश्लेषण गर्नु प्रस्तुत आलेखको मुख्य समस्या हो । प्रस्तुत मूल समस्याको समाधानार्थ प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत प्रस्तुति के-कस्तो छ ? भन्ने प्राज्ञिक जिज्ञासाको उत्तरका लागि उनको औपन्यासिक कृतिको विश्लेषण गरी समस्यागत रिक्तताको परिपूर्ति गर्ने काम यसमा गरिएको छ । उनको औपन्यासिक कृतिको विविध अवधारणामा आधारित पूर्वकार्यको समीक्षा गरी अध्ययनको समस्यागत रिक्तताको खोजी गर्ने काम प्रस्तुत आलेखमा गरिएको छ । प्रस्तुत आलेखमा प्रधानको *स्वास्नीमान्छे* उपन्यासको विश्लेषण गर्नका लागि पुस्तकालयीय अध्ययन कार्यबाट सङ्कलित प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको समष्टिगत गुणात्मक पद्धतिअनुरूप विश्लेषण गरिएको छ । साहित्यको समाजशास्त्रीय मान्यतामा आधारित प्रस्तुत अध्ययन आफैमा महत्त्वपूर्ण रहनुका साथै यसले सम्बद्ध क्षेत्रका अध्येतालाई प्राज्ञिक मार्गदर्शन गर्ने सन्दर्भमा थप औचित्यपूर्ण रहेको छ ।

**शब्दकुञ्जी :** कार्यकारण, क्षण, गुणात्मक, पर्यावरण, प्रजाति, वंशाणुक्रम, समष्टिगत

## परिचय

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) बहुविधाका सर्जक भए पनि उपन्यास विधाका स्थापित उपन्यासकार हुन् । उनका *स्वास्नीमान्छे* (२०११) र *एकचिहान* (२०१७) दुबै समाजपरक यथार्थमा आधारित प्रगतिवादी उपन्यास हुन् । प्रस्तुत अध्ययनमा प्रधानको *स्वास्नीमान्छे* उपन्यासलाई शोध्यविषय बनाइएको छ । प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली समाजका स्वास्नीमान्छेले भोग्नुपरेका सङ्कीर्णता, शोषण, दमन र उत्पीडनलाई यथार्थपरक रूपमा उजागर गरिएको छ । यसको मूल कथानक तत्कालीन नेपाली समाजका स्वास्नीमान्छेका विविध विवशतामा आधारित रहेको छ । उपन्यासमा नारीले पुरुषलाई शरीर सुम्पने रहर नभई बाध्यता भएको तर्क अगाडि सारिएको छ । प्रस्तुत उपन्यासमा भोगविलासमा लिप्त नारी पुरुषहरूका मातृवात्सल्य र पितृभक्ति अपहेलित भएको पाइन्छ । उपन्यासमा देखिएका यस्ता सन्दर्भले प्रेमप्रणयहरू टुटेको देखिन्छ । प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली समाजका सामाजिक एवं राजनैतिक विकृतिप्रति सचेत युवाहरू सङ्गठित भई प्रतिकारमा उत्रेको देखाइएको छ । उपन्यासकार प्रधानले देश र नारीजातिको अस्तित्व रक्षाका लागि प्रस्तुत उपन्यासमा प्रगतिवादी कथानक तय गरेको देखिन्छ । प्रगतिवादी कथानकमा आधारित *स्वास्नीमान्छे* उपन्यास साहित्यको समाजशास्त्रीय मान्यताका दृष्टिले विश्लेषणीय रहेको पाइन्छ । यसर्थ प्रस्तुत शोध्य उपन्यासको प्रजाति, पर्यावरण र क्षणका आधारमा विश्लेषण गरिएको छ ।

## अध्ययनको समस्या र उद्देश्य

हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासको समीक्षात्मक अध्ययन, नेपाली साहित्यको ऐतिहासिक कृतिमा प्रसङ्गवश आएका सन्दर्भबाहेक साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा विश्लेषण नभएको सन्दर्भमा प्रस्तुत अध्ययन आफैमा महत्त्वपूर्ण तथा उपलब्धिमूलक रहेको छ । प्रस्तुत अध्ययन *स्वास्नीमान्छे* उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत प्रस्तुति केकस्तो छ ? भन्ने प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । यस्तो प्राज्ञिक समस्यामा आधारित अध्ययनको मुख्य उद्देश्य *स्वास्नीमान्छे* उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत प्रस्तुतिको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त विविध विषयगत पक्षको निर्धारण तथा साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यताका आधारमा विश्लेषणात्मक अध्ययनमा केन्द्रित रही शोध्यसमस्याको समाधान गर्नु प्रस्तुत आलेखको मुख्य उद्देश्य रहेको छ ।

## पूर्वकार्यको समीक्षा

हृदयचन्द्रसिंह प्रधान नेपाली साहित्यको उपन्यास विधाका स्थापित उपन्यासकार हुन् । उनका *स्वास्नीमान्छे* र *एकचिहान* दुवै समाजपरक यथार्थमा आधारित प्रगतिवादी उपन्यास हुन् । प्रधानका उपन्यासमा तत्कालीन नेपाली समाजमा विद्यमान रहेका सङ्कीर्णता, शोषण, दमन, कुरीति र अन्धविश्वासलाई उजागर गर्नुका साथै त्यसबाट उन्मुक्तिका

**Article information**
**Received**: 25 March, 2024
**Accepted:** 7 April, 2024
**Published:** 16 April, 2024

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

लागि क्रान्तिकारी परिवर्तनको चाहना प्रकट गरिएको छ । प्रधानका आजसम्म भएका अध्ययनलाई आधार बनाएर नियाल्दा उनी समाजपरक यथार्थमा आधारित प्रगतिवादी उपन्यासकार हुन् । प्रस्तुत अध्ययनमा उनको *स्वास्नीमान्छे* उपन्यासलाई शोध्यविषय बनाइएको छ । साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा *स्वास्नीमान्छे* उपन्यासको व्यवस्थित रूपमा विश्लेषण नभएको सन्दर्भमा शोध्य उपन्यासको प्रजाति, पर्यावरण र क्षणगत प्रस्तुति के-कस्तो छ ? भन्ने प्राज्ञिक समस्याको निदान गरी बाँकी कामको पहिचान गराउन प्रस्तुत अध्ययन मत्त्वपूर्ण रहन गएको छ । प्रस्तुत अध्ययनको रिक्तता पत्ता लगाउने हेतुले पूर्वकार्यको समीक्षामा ध्यान दिइएको छ । प्रस्तुत अध्ययनका लागि आनन्दराज सिलवालद्वारा गुणात्मक विधिमा तयार पारिएको 'उदाइनसकेको घाम कथामा अभिव्यक्त प्रजाति, पर्यावरण र क्षण' शीर्षकको आलेख र ईश्वर चौहानद्वारा गुणात्मक विधिमा आधारित भई सम्पन्न गरिएको 'हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण' शीर्षकको शोधकार्य उपयोगी रहेको छ । साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा प्रस्तुत शोध्य उपन्यासको अध्ययन भने न्यून मात्रामा भएको देखिन्छ । प्रस्तुत उपन्यासका बारेमा भएका अधिकांश अध्ययन कृतिसमीक्षा तथा नेपाली उपन्यासको इतिहासलेखनका सन्दर्भमा प्रसङ्गवश अध्ययन गरिएका छन् । यस्ता अध्ययन सर्वेक्षण पद्धति एवम् प्रभावपरक समालोचनामा आधारित रहेकाले प्रस्तुत अध्ययनको समस्या निराकरण गर्नमा सामर्थ्य राख्दैनन् । कुनै निश्चित तह पूरा गर्ने उद्देश्यबाट अभिप्रेरित भई गरिएका प्रतिनिधिमूलक अध्ययन एवम् विशेषतामूलक आलेख विवरणात्मक तथा सर्वेक्षणात्मक विधिमा आधारित रहेका छन् । शोध्य उपन्यासको साहित्यको समाजशास्त्रीय मूल्यमान्यताका आधारमा व्यवस्थित रूपमा अध्ययन नभएको सन्दर्भमा प्रस्तुत अध्ययनले उक्त क्षेत्रमा रहेको रिक्ततालाई परिपूर्ति गरेको छ । यसर्थ प्रस्तुत अध्ययन आफैमा महत्त्वपूर्ण बन्न पुगेको छ ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत प्रस्तुतिमा आधारित समस्याकथन र सोही विषयको निरुपणमा आधारित उद्देश्यमा सीमाङ्कित गरिएको छ । प्रधानका *स्वास्नीमान्छे* र *एकचिहान* उपन्यासमध्येमा नमुना छनोटका आधारमा *स्वास्नीमान्छे* उपन्यासलाई शोध्यविषय बनाई साहित्यको समाजशास्त्रीय मान्यता प्रजाति, पर्यावरण र क्षणसम्बन्धी सैद्धान्तिक पर्याधारमा केन्द्रित भई विश्लेषण गरिएको छ ।

## अध्ययनको विधि र प्रक्रिया

प्रस्तुत अध्ययन प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा प्रजाति, पर्यावरण र क्षणगत प्रस्तुतिमा केन्द्रित रहेको छ । समाजपरक समालोचनाअन्तर्गत साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजाति, पर्यावरण र क्षणले साहित्यिक कृतिको विश्लेषण गर्ने महत्त्वपूर्ण आधार प्रस्तुत गरेको सन्दर्भमा तिनै आधारमा केन्द्रित भई *स्वास्नीमान्छे* उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत आलेखमा प्रधानका समग्र कृतिलाई मूलस्रोत र *स्वास्नीमान्छे* उपन्यासलाई नमुना छनोट गरी प्राज्ञिक समस्याको प्रमाणिक समाधानात्मक सोद्देश्य परिपूर्तिका लागि पुस्तकालयीय अध्ययन कार्यबाट सङ्कलित प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको प्रजाति, पर्यावरण र क्षणका आधारमा समष्टिगत गुणात्मक पद्धतिअनुरूप विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनलाई आवश्यक पर्ने तथ्य सङ्कलन गर्न पुस्तकालयीय अध्ययनकार्यलाई उपयोग गरिएको छ । यसमा प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतको रुपमा *स्वास्नीमान्छे* उपन्यासलाई लिइएको छ । त्यसैगरी द्वितीयक स्रोतको सामग्रीका रूपमा यससँग सम्बद्ध समाजशास्त्रीय अध्ययनलाई लिइएको छ । प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार प्रजाति, पर्यावरण र क्षणलाई आधार बनाई *स्वास्नीमान्छे* उपन्यासको निगमनात्मक विधिअनुरूप विश्लेषण गरी निष्कर्ष दिइएको छ ।

## सैद्धान्तिक पर्याधार

समाजपरक समालोचनाअन्तर्गत साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिले साहित्यलाई समाजसँग जोडेर अध्ययन गर्दछ । साहित्यलाई समाजसँग जोडेर अध्ययन गर्ने परम्परामा हिप्पोलाइट एडल्फ तेनले *द हिस्ट्री अफ इङ्गलिस लिटरेचर* कृतिको भूमिकामा प्रजाति, पर्यावरण र क्षणलाई साहित्यिक कृति अध्ययनको मूल आधार मानेका छन् । साहित्यको समाजशास्त्रीय अध्ययनमा तेनको प्रजाति, पर्यावरण र क्षणगत मान्यता महत्त्वपूर्ण मानिन्छ । उनले प्रजाति, पर्यावरण र क्षण एकअर्कामा अन्तर्सम्बन्धित हुने कुरा बताएका छन् । तेनले साहित्यमा प्रजातिगत प्रस्तुति सहज वंशानुगत विशेषता र उसको मानसिकतामा झल्किने विचार प्रकट गरेका छन् । उनले प्रजातिको व्याख्या सहज वंशानुगत विशेषता, स्वभाव, शरीरसंरचनाका रूपमा गरेका छन् । तेनले प्रजातिको विशिष्ट चेतना वा सौन्दर्यानुभूति चरित्रमा देखापर्ने कुरा बताएका छन् । उनका अनुसार लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनामा त्यसको प्रभाव पर्दछ । तेन जब प्राकृतिक परिवेश र साहित्यिक विशेषताका बिच कार्यकारण सम्बन्ध देख्छन् तब त्यसलाई सरलीकरण गर्नुपर्ने धारणा व्यक्त गर्छन् (पाण्डेय, सन् १९७४, पृ. १२४-१२५) । उनको पर्यावरणगत मान्यता समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । साहित्यक कृति कुनै युग विशेषको दर्पण हुने भएकाले त्यसका माध्यमबाट सो युगको सजीव चित्र प्रस्तुत गर्न सकिन्छ र महान् साहित्य युग चेतनाको मूर्तझैं हुन्छ (जैन, सन् १९८६, पृ. २२-२३) । क्षणले कृतिकारलाई उत्प्रेरणा जगाइदिन्छ र कृति सामाजिक विचारका रूपमा प्रकट हुन्छ । साहित्यकारका जीवनमा विभिन्न समयमा यस्ता विशेष क्षणहरू आउँछन्, जतिखेर ऊ साहित्यिक रचनाका लागि उद्वेलित र प्रेरित हुन्छ । तेनले यस्तो विशिष्ट क्षणलाई प्रेरक क्षण भनेका छन् (शर्मा र लुइटेल, २०६७, पृ. १२९) । तेनले युगलाई निश्चित समय, युग र त्यस युगको चिन्तनको रूपमा व्याख्या गरेका छन् । त्यसैले साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणगत सैद्धान्तिक मान्यतामा केन्द्रित भई प्रस्तुत अध्ययनलाई पूर्णता दिइएको छ ।

## स्वास्नीमान्छे उपन्यासको समाजशास्त्रीय विश्लेषण

हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* उपन्यासमा समाजका शोषणयुक्त सङ्कीर्णताका कारण स्वास्नीमान्छेले भोग्नुपरेको उत्पीडनलाई देखाइएको छ । प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली समाजका स्वास्नीमान्छेले भोग्नुपरेका सङ्कीर्णता, शोषण, दमन र उत्पीडनको प्रस्तुति पाइन्छ । शोध्य उपन्यासको मूल कथानक भोगविलासमा लिप्त पुरुषहरूका कारण मातृशक्ति अपहेलित भएको सन्दर्भसँग जोडिएको

छ । प्रस्तुत उपन्यासमा तत्कालीन नेपाली समाजमा विद्यमान रहेका यस्ता सामाजिक एवम् राजनैतिक विकृतिप्रति सचेत युवाहरू सङ्गठित भई प्रतिकारमा उत्रेको पाइन्छ । उपन्यासकारले नारीजातिको अस्तित्व रक्षाका खातिर प्रगतिवादी कथानक सिर्जित गरेको देखिन्छ । प्रगतिवादी कथानकमा आधारित *स्वास्नीमान्छे* उपन्यास साहित्यको समाजशास्त्रीय प्रजाति, पर्यावरण र क्षणगत मान्यताका दृष्टिले विश्लेषणीय रहेको छ । यसर्थ प्रस्तुत शोध्य उपन्यासको प्रजाति, पर्यावरण र क्षणगत अवयवका आधारमा विश्लेषण गरिएको छ ।

## स्वास्नीमान्छे उपन्यासको प्रजातिगत विश्लेषण

प्रजातिगत मान्यताका दृष्टिले *स्वास्नीमान्छे* उपन्यास विश्लेषणीय रहेको छ । प्रस्तुत उपन्यासमा उपस्थिति पात्रका विशेषता, शारीरिक तथा मानसिक बनावटका आधारमा हेरिएको छ । उपन्यासमा प्रमोद, उसका दुई श्रीमती मोतीमाया र कमला, मोतीमायाको छोरो विनोद, हिराज्यान, मोहनबहादुर, मिस्री, मैयानानी, गुन्डा आदि पात्रहरूको उपस्थिति पाइन्छ । प्रस्तुत उपन्यासमा हिन्दूधर्म संस्कृति मान्ने खसआर्य सम्प्रदायको जातीय उपस्थिति रहेको छ । उपन्यासमा हिन्दूधर्मसंस्कृति र त्यसबाट निर्मित मानसिकतागत प्रस्तुति यसरी भएको छ - "आँखाभरि आँसुगरी अनि कृष्णको मूर्ति देखेर हाँसीहाँसी करुणहाँस्य मुद्रामा मोतीमायाले आरतीको दीप घुमाइरहेकी थिइन्" (प्रधान, २०६६, पृ. १) । यसमा कृष्णभक्तिमा समर्पित प्रजातिगत सम्प्रदायको प्रतिनिधित्व रहेको छ । उपन्यासमा असहजतासँग जुध्ने आस्थाको केन्द्र भगवान् रहेको मोतीमायाको आस्तिक मानसिकतागत प्रस्तुति आएको छ । उपन्यासमा आफूलाई वेश्या बन्न बाध्य बनाउने लोग्नेलाई परमेश्वरको रूपमा स्वीकारी सती बन्ने धार्मिक मनोवृत्तिले भरिएको प्रजातिगत उपस्थिति छ । "बिदाइको रूपमा एकबाजि लोग्नेको दर्शन गरेर आउनु कर्तव्य पनि ठानिन् । यो विचारले पनि मोतीमायाको पाइलोलाई घरतिर घचेट्यो" (प्रधान, २०६६, पृ. २२) । यसमा पतिपरायण हिन्दू आदर्श संस्कृतिले भरिएका नारीजातिको उपस्थिति पाइन्छ । सौताले आफ्नो स्वार्थपूर्ति गर्न अनेकन षड्यन्त्र गर्ने साझा संस्कृतिसमेत विकसित भएको छ । उपन्यासमा सौतेनी व्यवहारगत प्रस्तुति यसरी भएको छ - "रिसले भैरव बनेर प्रमोद कोठाबाट बाहिर जान सुरिए । प्रमोदको हात समाती रोकेर कमलाले भनिन्, जङ्गिएर के काम, आफ्नै जिउले सास्ती पाउनुमात्र हो, बुद्धिमानले त करणीबाट देखाउन सक्नुपर्छ" (प्रधान, २०६६, पृ. १०) । यसले कमलाको सौतेनी षड्यन्त्रमूलक मानसिकतालाई उजागर गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा मोतीमायाको सौन्दर्यको प्रस्तुति यसरी गरिएको छ - "मोतीमाया एउटा छोराकी आमा भइसके तापनि सौन्दर्यको बलियो टेवा पाएकी हुनाले यौवन वसन्तमय नै थियो, मानौँ सोह्रवर्षीय कुमारीको भिटामिनदार यौवन जस्तै उनको तारुण्य फुलिरहेको थियो" (प्रधान, २०६६, पृ. ३७) । यसमा मोतीमाया विवाहित हुनुका साथै मातृत्व वरण समेत गरेकी भए पनि सौन्दर्यले परिपूर्ण रहेको प्रस्तुति आएको छ । उपन्यासमा मोतीमायाका बारेमा आएको प्रस्तुति यस्तो छ- "आउली अब तपाईंकी स्वास्नी, राम्रै आउली-माइत छैन, दिदीबहिनी, फुपू-भदै कोही छैन उनीहरूकहाँ गई भनूँ भने पनि । मैले हेर्दा त सोभ्याइसकी बाटो (प्रधान, २०६६, पृ. ५५) । यसमा आएको नातागत सम्बोधनले आर्यप्रजातिको आनुवंशिक सम्बन्ध स्पष्ट हुन्छ । प्रस्तुत उपन्यासमा हिन्दू संस्कृति यसरी व्यक्त भएको छ - "म अवश्य नरक जान्छु । त्यसैले म उनकै सरणमा जान्छु, उनकै सेवा गर्छु, उनकै पूजा गर्छु" (प्रधान, २०६६, पृ. ५८) । यसमा मोतीमायाले पतिलाई शिवस्वरूप भगवान्का रूपमा स्वीकार गरेको प्रजातिगत मानसिकता आएको देखिन्छ । उपन्यासमा मोतीमायाको आस्तिक प्रस्तुति यसरी गरिएको छ- "भक्तराजजी रमानन्दलाई के टुलुटुलु हेराइराख्ने ? पाठपूजा जपध्यान गर्दै १२ बज्छ, सत्रवटा च्यौता नढोगीकन उसको चित्त बुझ्दैन, बरु भरे गरौला" (प्रधान, २०६६, पृ. ७१) । यसमा आएका पाठपूजा, जपध्यान्, च्यौता जस्ता शब्दले निश्चित हिन्दू आर्य प्रजातिलाई सङ्केत गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा न्यायाधीशको शारीरिक संरचनालाई यसरी प्रस्तुत गरिएको छ - "अग्ला, मोटा शरीर, ठूलो टाउको, ठूलाठूला आँखा, उन्नत ललाट, विस्तृत छाती, काला वर्ण भएका शारीरिक आकारप्रकार हेर्दा महाकालजस्ता महाभयङ्कर न्यायाधीश आफ्नो जङ्गी पोशाकमा सुसज्जित भई उच्च आसनमा विराजमान भइरहेका थिए" (प्रधान, २०६६, पृ. १४) । यसमा क्षेत्रीय सम्प्रदायअन्तर्गतको शारीरिक बनावटको प्रस्तुति भएको छ । यसमा न्यायाधीशको शारीरिक बनावट, टाउको, आँखा, ललाट, छाती र वर्ण राणाकालीन काजी साहेब खसआर्य प्रजातिका विशेषतासँग मिल्दा देखिन्छन् । उपन्यासमा हिराज्यान जस्ता नारद प्रवृत्तिका छिमेकीको षड्यन्त्रमूलक प्रस्तुति यस्तो छ - "... दुई चार रुपैया खर्च गरेर एकचोटि नालेस त ठोक्नुस, अनि हेर्नुस तपाईका पोइ महाराज र सौता देवीले तपाईंलाई च्यौता मानेजस्तो मान्न थाल्छन्" (प्रधान, २०६६, पृ. २८) । यसमा हिराज्यानले स्थितिलाई साम्य पार्नुको सट्टा आगोमा घिऊ थप्नुमा प्रजातिगत मानसिकता आएको प्रस्ट हुन्छ । उपन्यासमा मोतीमायाको जीवनका सान्दर्भिक घटनाबाट उन्मुक्ति र न्यायको सम्मिलन गराउने सन्दर्भगत प्रस्तुति यसरी आएको छ - "नारी जातिको सुधार र प्रगतिको निम्ति एउटा बलियो र राम्रो नारी संस्था चाहिएकाले खोलाउन लगाइराखेका छौँ" (प्रधान, २०६६, पृ. ११०) । यसमा नारीजातिलाई मुक्ति दिन र पुरुषजातिको षड्यन्त्रलाई चिर्न सङ्गठित हुन उद्घोष गरिएको छ । उपन्यासमा नारीअस्तित्वको प्रस्तुति यसरी भएको छ - "विधवा विवाह चलेकै छ, पुनर्विवाह गर्ने विधवा पनि दुई पोइकी जोई हो । त्यसैले तिमीलाई रन्डी भन्न सकिन्न पनि" (प्रधान, २०६६, पृ. १११) । यसमा पुनर्विवाह र विधवाविवाहलाई स्वीकार्य गरिएको छ । उपन्यासमा आएका बहुविवाह, सौतेनी षड्यन्त्र, हिन्दूधर्मसंस्कार, सती बन्ने सन्दर्भ जस्ता तथ्यले खसआर्य प्रजातिअन्तर्गतका विशेषता र मानसिकतालाई औंल्याएको पाइन्छ । प्रस्तुत उपन्यास प्रजातिगत मान्यताका दृष्टिले उत्कृष्ट नदेखिए पनि आर्य प्रजातिअन्तर्गतका उपर्युक्त मझौला खालका प्रजातिगत वैशिष्ट्य र मानसिकताका तथ्यहरू भने आएका छन् ।

## स्वास्नीमान्छे उपन्यासको पर्यावरणगत विश्लेषण

पर्यावरणगत मान्यताका दृष्टिले *स्वास्नीमान्छे* उपन्यास विश्लेषणीय रहेको छ । प्रस्तुत उपन्यासको पर्यावरणगत प्रस्तुति काठमाडौँ वरिपरिको प्राकृतिक तथा सामाजिक स्थितिसँग जोडिएको पाइन्छ । उपन्यासमा मोतीमाया छोराकी आमा भएकी हुनाले विलासी यौनतृप्तिका लागि कान्छी श्रीमती ल्याएर सुखभोगमा लिप्त प्रमोद र कमलाको सौतेनी प्रवृत्तिले मोतीमाया दुःखी बनेको प्रस्तुति यसरी आएको छ- "त्यस दिन त प्रमोदबाट झन् दिनभरी ... खप्कीहरू खाइरहनु पर्दा मोतीमाया साह्रै दिक्दार थिइन ... झुत्रो लुगा र खोल नभएको दोलाई सिवाय मोतीमायाको आङ्मा अरू न्यानो कपडालत्ता

केही थिएन" (प्रधान, २०६६, पृ. २) । यसमा मोतीमाया सुत्केरी भएको बेला प्रमोदले यौनतृप्तिका लागि कान्छी श्रीमती ल्याएर सुखभोगमा लिप्त हुनु र कमलाको सौतेनी प्रवृत्तिले उनी दुःखी बनेको प्रस्तुतिमा सामाजिक पर्यावरण आएको छ । उपन्यासमा प्राकृतिक पर्यावरणगत प्रस्तुति यसरी आएको छ- "प्रमोद र कमला दुवै भएर घरका कुनाकाप्ची मोतीमायालाई खोज्न थाले । खोज्दै-खोज्दै माथि बुइँगल तलाको पूजाकोठामा पुगे । ... मोतीमाया अझै पनि कृष्णमूर्तिको अगाडि घोप्टोपरेर सुति नै रहेकी थिइन" (प्रधान, २०६६, पृ. ४-५) । यसमा बहुपत्नी प्रथाको भोगवादी प्रवृत्तिगत पर्यावरण उजागर भएको छ । उपन्यासमा पुरुषवादी प्रभुत्वलाई प्रतिकार गर्न असमर्थ प्रस्तुति यसरी आएको छ- "एकदम झम्टेर प्रमोदले भने, "के भनिस, च्यातिदिऊँ तेरो मुख ! लाज छैन बेस्से तँलाई बोल्न ? कसले लेखेको यो चिठी लौ भन ..." (प्रधान, २०६६, पृ. १३) । यसमा मोतीमायाप्रति सौतेनी षड्यन्त्रबाट सिर्जित सामाजिक पर्यावरण आएको छ ।

प्रस्तुत उपन्यासमा मोतीमायाप्रति प्रमोदको अमानवीय व्यवहार र सौताको षड्यन्त्रका कारण बालक छोराको प्राणधान्ने आधार नहुँदा विच्छिप्त बन्न पुगेको प्रस्तुति यसरी आएको छ - "म विनोदलाई के खुवाउन सक्छु ? मसित खुवाउने सामानै के छ र ? किनेर खुवाउनलाई पनि म सित पैसा कहाँ छ र ?" (प्रधान, २०६६, पृ. २२) । यसले अर्थव्यवस्थासँग जोडिएको सामाजिक पर्यावरणलाई औँल्याएको छ । उपन्यासमा पतिभक्ति र सतित्वयुक्त हुँदाहुँदै पनि युगीनपरिवेशका कारण मोतीमाया उत्पीडित बन्न पुगेको प्रस्तुति यसरी आएको छ - " यसरी लोग्ने भएकी आइमाईमाथि हमला गर्नु ठीक छ त ? के मालाई नकरमा पठाउन तपाईलाई रहर लागेछ ?" (प्रधान, २०६६, पृ. ६४) । यसमा मोतीमायाले श्रीमान्‌बाट उत्पीडन भोग्नुका साथै समाजका स्वार्थी पुरुषले नारीको सतीत्वहरण गर्न उदत्त भएको समाजिक पर्यावरण आएको छ । उपन्यासमा मोतीमायालाई आकर्षित गर्न मोहनबहादुरले दिएको प्रस्तुति यसरी आएको छ - "मलाई थाहा छ । कोइलीलाई माथ गर्न सक्छ्यौ, मनुष्यलोकको तिमी गन्धर्व-सुन्दरी हौ मोती ! ... कोठाका सब निर्जीव पदार्थ, पनि तिम्रो तानको प्रभावले सजीव भई नाच्नेछन् मोती !" (प्रधान, २०६६, पृ. ६८) । यसमा मोहनबहादुर र मोतीमायाको रागपूर्ण अवस्थालाई प्रकृतिमय बनाइएको प्राकृतिक पर्यावरण आएको छ । उपन्यासमा मैयानानीको प्रस्तुति यसरी आएको छ- "हाम्रो व्यवस्थाको एकमात्र आधार हो नारीजातिको उन्नति, ...यहाँ गुठियार भए पनि कोही लोग्ने मानिसको जुत्ता बन्नु पर्दैन, बरु उनीहरूबाटै पूजा पाएर हामीले सुखपूर्वक र नारीजातिका उद्धारक भएर जिन्दगी बिताउन पाउँछौँ" (प्रधान, २०६६, पृ. १०५) । यसमा नारी उत्पीडनका सबै खाले जराहरू काट्ने मैयानानीको अठोट र मोतीमायाको गतिशील व्यवहारमा प्राकृतिक तथा सामाजिक पर्यावरण उजागर भएको छ ।

प्रस्तुत उपन्यासमा धर्मसंस्कृतिका क्षेत्रमा देखिएको पर्यावरणीय अवस्थाको चित्रण यसरी गरिएको छ - "... जोगिनी भएर पशुपतीको एउटा पाटीमा बसेर भीक्षाटन गरेर जिन्दगीका दिन गन्न लागेँ । म बसेको ठाउँमा जोगी र जोगिनीहरूकै बस्ती थियो । गुन्डा लोग्ने मानिसहरू जोगीको भेषमा लुकेर पनि शिकार ताकिरहँदा रहेछन्" (प्रधान, २०६६, पृ. १०८) । यसमा धर्मसंस्कृतिको धरोहर पशुपतिक्षेत्रमा धर्मका नाममा हुनेगरेका कर्तुतयुक्त धर्मसंस्कृतिगत पर्यावरण आएको छ । उपन्यासमा यसै सन्दर्भको प्रस्तुति यसरी गरिएको छ - "भीक्षाटनको वृत्ति थियो । एकदिन म ध्यौपाटन शहरमा भीक्षा माग्न गएकी थिएँ । मलाई थाहा थिएन, म एउटा गुन्डाको घरमा पसेछु । ... जबर्जस्ती गरी उसले मलाई माथि लगि आफ्नै बनाइदियो" (प्रधान, २०६६, पृ. १०९) । यसमा पशुपति, वागमती र धौपाटनको स्थानगत प्राकृतिक पर्यावरण आउनुका साथै सामाजिक तथा धार्मिक अनुष्ठानमा लागेको समाजसमेत विकृतितर्फ उन्मुख भएको पर्यावरणीय चित्रण आएको छ । उपन्यासमा मैयानानीले प्रमोद र कमलालाई गोली हानी हत्या गर्नु र छोरा विनोदले सम्पूर्ण सम्पत्ति सामाजिक विकृतिको अन्त्यमा प्रयोग गर्नुले समाजपरक प्रगतिवादी पर्यावरणलाई उजागर गरेको पाइन्छ । उपन्यासमा गृहश्रमिक बन्नु, गर्जो टार्न ऋण खोज्नु, कोठीमा शरीर बेच्नु, दरबारिया सिकार बन्नु जस्ता अमानवीय कार्यको विरोध गरी नारी मुक्तिका लागि बुबा र सौतेनी आमाको हत्या गरी पीडित नारीउद्धार गर्ने हेतुले आमाको अध्यक्षतामा सङ्गठन खोली आफ्नो घर सङ्गठनलाई दिनुजस्तो समाजोपयोगी कार्य विनोदबाट भएको देखाउनुमा सामाजिक पर्यावरण आएको छ । यसर्थ प्रस्तुत उपन्यास प्राकृतिक तथा सामाजिक पर्यावरणका दृष्टिले उत्कृष्ट देखिन्छ ।

## स्वास्नीमान्छे उपन्यासको क्षणगत विश्लेषण

क्षणगत मान्यताका दृष्टिले *स्वास्नीमान्छे* उपन्यास विश्लेषणीय रहेको छ । प्रस्तुत उपन्यासमा कालिक तथ्यहरू नभए पनि रचनाको प्रेरक क्षण २००७ साल अगाडिको राणाकालीन समयावधिलाई मान्न सकिन्छ । उपन्यासगत कथानकको मूल स्रोत काठमाडौँको सामाजिक-सांस्कृतिक पक्षमा आधारित देखिन्छ । उपन्यासमा मोतीमायाले बालक छोरालाई बचाउन गरेको भगवान पुकारको प्रस्तुति यस्तो छ - "मेरो बालक छोरालाई बचाउन पाउनलाई दुःख - कष्टमा पनि मलाई बाँच्नसक्ने बल देऊ !" (प्रधान, २०६६, पृ. १) । यसमा मोतीमायाले दुःखकष्टबाट मुक्ति पाउन भगवानलाई पुकार गरेको तत्कालीन युगसन्दर्भ आएको छ । उपन्यासमा मोतीमायाको जीवनसँग जोडिएको प्रमोदको भोगीभावना र सौतेनी उत्पीडनको क्षणगत प्रस्तुति यसरी भएको छ - "मोतीमाया सहानुभूति चाहन्थिन् । तर सँधैजसो मोतीमायाले सुस्केराबाट सास फेर्नुपर्थ्यो ... त्यसैले मोतीमाया विहान पूजा र बेलुका आरतीको रूपमा दिनहुँ घण्टौं कृष्णजीको मूर्ति अगाडि बसेर जिन्दगी गुजार्थिन् ... आनन्दको उपभोग हुन्थ्यो" (प्रधान, २०६६, पृ. १) । यसमा मोतीमायाको तत्क्षणगत जीवनपद्धति उजागर भएको छ । यसले सौता तथा पतिको उत्पीडन विरुद्ध आवाज नउठाई भगवानभक्तिमा समर्पित युगसन्दर्भ आएको पाइन्छ । उपन्यासमा मोतीमायाको दुःखदायी जीवनशैली यसरी प्रस्तुत भएको छ- "कृष्णजीको मूर्तिअगाडि स्तुति आरती गर्दागर्दै तल्लीन हुन सकेमात्र नत्र त प्रायः नीदमा पनि वेदनाले चिमोटी-चिमोटीकन मोतीमायालाई कालो झण्डा देखाइरहन्थ्यो" (प्रधान, २०६६, पृ. ३) । यसले मोतीमायाको जीवनपद्धतिलाई उजागर गरेको छ । मोतीमायाका बारेमा कमलाको प्रस्तुति यस्तो छ- "अर्कालाई के दोष ? आफ्नै माल कच्चा छ । अहिले म त्यस्ती बनूँ न हजार गुन्डा वैरिने छन् । त्यसैले अर्कालाई चोरदोष लगाउनु छैन, ... त्यसैले आफ्नो इज्जत गौरव र सत् त आफैँले राख्न सक्नुपर्छ" (प्रधान, २०६६, पृ. १०) । यसमा बहुपत्नीको पोइ र सौतेनी प्रवृत्तिगत युगसन्दर्भ आएको छ ।

प्रस्तुत उपन्यासमा मोतीमायामा देखिएको पतिपरायण सतीस्वभाव र कमलामा देखिएको सौताको उछितो काड्ने षड्यन्त्रमूलक रागात्मक प्रणयगत प्रसङ्गको प्रस्तुति यस्तो छ - "कमलाको अनुहारमा त

रिसको आँच क्रमशः छिटो छिटो बढ्दै आयो । अनि एक्कासि आँसु चुहाई पोइतिर हेरेर कमलाले भनिन्, मैले के गरेकी छु, उसको छोरालाई, लौ भन्नुस तपाईं नै ? के विघ्न मात्तिएकी ए !" (प्रधान, २०६६, पृ. १२) । यसमा अमानवीय जीवनपद्धतिगत युगसन्दर्भ आएको छ । उपन्यासमा बहुविवाह तथा यौनिक उत्पीडनको कालिक युगसन्दर्भ यसरी प्रस्तुत भएको छ- "वास्तमा मोतीमाया ज्यादै पतिव्रता नारी थिइन् । पोइले जतिसुकै अत्याचार गरे तापनि उनको विरुद्ध र प्रतिकूल भावनाको कल्पनासम्म पनि कहिल्यै गर्दिनथिन् । ... पतिउपरको विनित चरित्रलाई हेरेर मोतीमायालाई बीसौं शताब्दीको सती भनेपनि हुन्छ" (प्रधान, २०६६, पृ. २२) । यसमा मोतीमायाको सतीकालिक युगचेतना उद्घाटित भएको छ । उपन्यासमा मोहनबहादुरको यौनपिपासु भोगवादी युगचेतनाको प्रस्तुति यस्तो छ - "सुन मोतीमाया, संसारमा सुख पाउने सिपालु पनि हुन जान्नुपर्छ, यो पनि जानिराखा मोतीमाया, आश्रितलाई भन्दा ईश्वर, सिपालुलाई खुसी गराउने धुनमा दौडिरहेका हुन्छन्" (प्रधान, २०६६, पृ. ४०) । यसमा मोहनबहादुरको षड्यन्त्रमूलक वैचारिक युगचेतना आएको छ । उपन्यासमा यसै सन्दर्भसँग गाँसिएको अर्को वैचारिक प्रसङ्ग यसरी प्रस्तुत भएको छ- "लोग्नेलाई पूजा गरेर .... तिमी धर्म गर्न चाहन्छ्यौ भने के इच्छा छ मलाई भन, म पुऱ्याइदिन्छु । साँच्चै धर्म त देशसेवा गर्नु हो, माानिसलाई हित गर्नु हो, अनि आफूलाई भन्नेलाई आफू सम्झनु हो" (प्रधान, २०६६, पृ. ५९) । यसमा मोहनबहादुरले मोतीमायालाई फन्दामा पार्न देश र जनताको सेवा उत्तम कार्य भएको आदर्श विचारको प्रस्तुति दिएको छ ।

प्रस्तुत उपन्यासमा मोहनबहादुरको षडयन्त्रमूलक प्रस्तुति यसरी आएको छ - "तिमी नहाँस न हाँस्यो कि अवदेखि १ पैसा जरिमाना गर्ने गर्छु, मलाई हाँसो मनपर्दैन, हाँसे तुरुन्तै भोक लाग्छ" (प्रधान, २०६६, पृ. ६०) । यसमा मोहनबहादुरको कुटिल युगचेतना प्रकट भएको छ । उपन्यासमा शरीर वेचेवापत रुपैयाँ पाउने कुनै कालखण्ड विशेषको प्रस्तुति यसरी आएको छ - "महिनावारीको सर्त मान्छ्यौ भने महिनाको २५ पाउँछ्यौ, खुसी पार्न सके जजमानहरूले केही बक्सिस पनि दिने चलन छ" (प्रधान, २०६६, पृ. ९६) । यसमा शरीर बेचेवापत महिनावारी तलब आउने कुनै ऐतिहासिक कालखण्ड विशेषको वर्णन आएको छ । उपन्यासमा यसै सन्दर्भअनुरूप आएको मोतीमायाको विचार यस्तो छ- "मबाट यस्तो काम हुन सक्तैन, प्राणलाई बरु मैले केही सम्झेकी छैन, तर स्त्रीत्वको मर्यादा गुमाउन सक्तिनँ (प्रधान, २०६६, पृ. ९७) । यसमा मोतीमाया सत्मा टिकेको युगचेतना प्रकट भएको छ । उपन्यासमा वैचारिक सन्दर्भगत प्रस्तुति यस्तो छ - "हाम्रो व्यवस्थाको एकमात्र आधार हो नारी जातिको उन्नति ... कोही लोग्ने मानिसको जुत्ता बन्नु पर्दैन बरु उनीहरूबाटै पूजा पाएर हामीले सुखपूर्वक र नारीजातिका उद्धारक भएर जिन्दगी बिताउन पाउँछौं" (प्रधान, २०६६, पृ. १०५) । यसमा उत्पीडनमा परेका नारी वा पुरुष जातिको उद्धारमा आधारित वैचारिक युगचेतना प्रकट भएको पाइन्छ । प्रस्तुत उपन्यास रचनाको प्रेरक क्षणगत प्रस्तुति यसरी आएको छ - "तपाइको चिठी पाएँ । ... म माथि यो तपाईको सानो निगाह होइन" (प्रधान, २०६६, पृ. ११६) । यसमा राणाकालीन उन्मुक्ति उपन्यास रचनाको प्रेरक क्षण मानिएको छ । उपन्यासमा सामाजिक विकृति फाल्न सङ्गठित हुनुपर्ने वैचारिक प्रस्तुति यसरी आएको छ- "हाम्रो देशको चरित्र विगार्नेहरूलाई तपाईहरूले पनि खोजी खोजी सजाय गर्नुहोला ती चाहे आफ्नै देशका सन्तान हुन, चाहे विदेशी परदेशी होउन, किनभने तपाईहरूले चरित्र नउठाइकन देश उठाउन सक्नुहुन्न" (प्रधान, २०६६, पृ. ११९) । यसमा अमानवीयता उन्मुलनको वैचारिक युगचेतना आएको छ । प्रस्तुत उपन्यास क्षणगत मान्यताका दृष्टिले उत्कृष्ट नदेखिए पनि क्षणअन्तर्गतका उपर्युक्त मझौला खालका युगसन्दर्भ र युगचेतनागत तथ्यहरू भने आएका छन् ।

## निष्कर्ष

अन्त्यमा प्रस्तुत अध्ययनलाई एक ठाउँमा राखेर हेर्दा *स्वास्नीमान्छे* उपन्यासमा राणाकालीन समयको नेपाली समाजमा विद्यमान बहुविवाह, सौतेनी षड्यन्त्र, हिन्दूधर्मसंस्कार र सती बन्ने सन्दर्भले खसआर्य प्रजातिअन्तर्गतका विशेषता र मानसिकतालाई औंल्याएको पाइन्छ । उपन्यासमा तत्कालीन नेपाली समाजमा विद्यमान सामन्तवादी भेदभावको अन्त्य अपरिहार्य रहेको सन्दर्भ प्रस्तुत भएको छ । यसमा सामन्तवादी संस्कृतिप्रति प्रतिरोधात्मक चेतना प्रखर बन्दै गएको देखिन्छ । उपन्यासमा जागरुक पात्रहरू सङ्गठन स्थापना गरी सामाजिक सचेतना अभिवृद्धिमा लागेका छन् । उपन्यासका पात्रगत नारी र पुरुषका कार्यशैलीलाई हेर्दा खसआर्य सम्प्रदायको उपस्थिति देखिन्छ । उपन्यासमा काठमाडौंको प्रमोदको घर, मोतीमायाको पूजाकोठा, स्वम्भूडाँडा, धोविचौर, पशुपति, वागमती, मोहनबहादुरको घर, वसन्तपुर, अदालत आदि स्थानगत वर्णनमा प्राकृतिक पर्यावरण आएको छ । प्रस्तुत उपन्यासमा मैयाननीले प्रमोद र कमलालाई गोलीहानी हत्या गर्नु र छोरा विनोदले सम्पूर्ण सम्पत्ति सामाजिक विकृतिको अन्त्यमा प्रयोग गर्नुले समाजपरक प्रगतिवादी पर्यावरणलाई उजागर गरेको पाइन्छ । उपन्यासमा गृहश्रमिक बन्नु, गर्जो टार्न ऋण खोज्नु, कोठीमा शरीर बेच्नु, दरबारिया सिकार बन्नु जस्ता अमानवीय कार्यको विरोध गरी नारी मुक्तिका लागि बुबा र सौतेनी आमाको हत्या गरी पीडित नारीउद्धार गर्ने हेतुले आमाको अध्यक्षतामा सङ्गठन खोली आफ्नो घर सङ्गठनलाई दिनुजस्तो समाजोपयोगी कार्य विनोदबाट भएको देखाउनुमा सामाजिक पर्यावरण झल्किएको छ । प्रस्तुत उपन्यासमा कालिक तथ्यहरू नभए पनि आख्यान सन्दर्भले २००७ साल अगाडिको राणाकालीन ऐतिहासिक क्षणलाई सङ्केत गरेको छ । उपन्यासमा तत्कालीन समाजका नारीजातिको सतीत्व र पतिभक्तिका नैतिक मूल्यहरू बलात्कृत हुँदा देश र समाजको कल्याण नहुने सङ्केत गरिएको छ । प्रस्तुत उपन्यास प्रजातिगत मान्यताका दृष्टिले उपर्युक्त मझौला खालका प्रजातिगत वैशिष्ट्य र मानसिकताका तथ्यहरू तथा प्राकृतिक र सामाजिक पर्यावरणका दृष्टिले उपर्युक्त उत्कृष्टताका तथ्यहरू एवम् क्षणगत मान्यताका दृष्टिले उपर्युक्त मझौला खालका युगसन्दर्भ र युगचेतनागत तथ्यहरू तत्कालीन समाजसँग तादात्म्य रहेका छन् । यसर्थ प्रजाति, पर्यावरण र क्षणका दृष्टिले प्रस्तुत उपन्यास सबल, प्रभावकारी र सम्प्रेष्य रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

कार्की, कर्ण (२०६९), सिपाही र सालिक कथामा क्षण, जाति र परिवेश, *प्राज्ञिक संसार,* १/६, पृ. ८३-८८ ।

घर्ती, दुर्गाबहादुर (२०६८), साहित्यको समाजशास्त्रका प्रमुख मान्यता, *पर्सपेक्टिभ अन हाइयर एजुकेशन,* ६, पृ. २३२-२४० ।

चौहान, ईश्वर (२०७४), *हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जातिः क्षण र पर्यावरण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि.

नेपाली केन्द्रीय विभाग ।
जैन, निर्मला (सम्पा.), (सन् १९९२), *साहित्य का समाजशास्त्रीय चिन्तन* (दोस्रो संस्क.), हिन्दी माध्यम कार्यान्वय निर्देशालय दिल्ली विश्वविद्यालय ।
तेन, हिप्पोलाइट (सन् १८७१), *हिस्ट्री अफ इङ्लिस लिट्रेचर* (अनु.), हेनरी भान लउन ।
दाहाल, खेम (२०६०), साहित्यको समाजशास्त्र : एक अवधारणा, *प्रज्ञा,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, ३४/९९, पृ. १-२३ ।
पाण्डेय, मैनेजर (सन् १९८९), *साहित्य के समाजशास्त्र की भूमिका.* हरियाणा साहित्य अकादमी ।
पौडेल, युवराज (२०७२), *लैनसिंह बाङ्देलका उपन्यासमा प्रजाति, परिवेश र युग,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।
प्रधान, हृदयचन्द्रसिंह (२०६६), *स्वास्नीमान्छे* (नवौँ संस्क.), साझा प्रकाशन ।
वाग्ले, सावित्री (२०७६), *ध्रुव सापकोटाका कथामा प्रजाति, पर्यावरण र क्षण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।
सिलवाल, आनन्दराज (२०७५), साहित्यको समाजशास्त्रीय अध्ययनको समीक्षा, *प्रज्ञासारथि,* १८/१७, पृ. २०-३६ ।
सिलवाल, आनन्दराज (२०७६), उदाइनसकेको घाम कथामा अभिव्यक्त प्रजाति, पर्यावरण र क्षण, *म्याग्दी गुरु,* ३/१, पृ. ७३-८२ ।
सुवेदी, राजेन्द्र (२०६९), पहिरो कथामा प्रयुक्त क्षणः जाति र पर्यावरण, *प्राज्ञिक संसार,* १/४, पृ. ४५-४७ ।

**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-notes**

Ananda Raj Silwal is an Assistant Professorof Nepali in Tribhuvan Univesity. He is pursuing PhD in Nepali literature. He has contributed diverse field of Nepali language and literature through numbers of articles in these fields. His area of interest is Neplai Flok literature.